# नेपालमा बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यहरू प्राप्तिमा भएका प्रगति तथा चुनौतीहरू

गैर सरकारी संस्था महासंघ नेपाल

नेपाल दिगो विकास मञ्च

**गैरसरकारी संस्था महासंघ नेपाल**
पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं
फोन : +९७७-१-४७९१३६८, ४७९२९०८, ४७९५५०८
इमेल : info@ngofederation.org
वेवसाइट : www.ngofederation.org

**प्रकाशन वर्ष**
असोज २०८०

**डिजाइन एण्ड लेआउट**
निर्मल गैरे

*यो प्रतिवेदन वर्ल्ड भिजन इन्टरनेशनलको सहयोगमा गैरसरकारी संस्था महासंघद्वारा तयार पारिएको हो । यस क्रममा उपलब्ध तथ्यांक तथा प्रतिवेदनहरुको अध्ययनका साथै परामर्शको प्रक्रिया अपनाईएको थियो । अनुसन्धान र प्रतिवेदन लेखन कार्य दिपेश कुमार घिमिरेले गर्नुभएको हो ।*

# नेपालमा बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यहरू प्राप्तिमा भएका प्रगति तथा चुनौतीहरू

## परिचय

सन् २०१५ मा संयुक्त राष्ट्रसंघले अपनाएको दिगो विकास लक्ष्यहरूले विश्वमा विद्यमान बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्नको लागि आधार प्रदान गरेको छ । यसले विभिन्न आयामहरूमा दिगो विकासलाई प्रवर्द्धन गर्नको लागि विश्वव्यापी रुपरेखा समेत प्रदान गर्दछ । यी मध्ये धेरै लक्ष्यहरू बालबालिकाको कल्याण, शिक्षा, स्वास्थ्य, बाल श्रमको अन्त्य, बालबालिकाको समग्र विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् ।

दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू छन् । कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू रहेका छन् । यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालबालिकामाथि हुने हिंसा, बाल संरक्षण सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचबिखन पीडित र जन्मदर्ताजस्ता विषयहरू छन् । जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू छन् ।[1]

नेपालले  बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यहरू प्राप्ति गर्न महत्वपूर्ण प्रतिबद्धता देखाएको छ । यस छोटो प्रतिवेदनले नेपालमा बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यका सूचकहरूको स्थिति र उपब्धिहरूको संक्षिप्त सिंहावलोकन गर्ने प्रयत्न गरेको छ। यसैगरी बालबालिकासँग सम्बन्धित सूचकहरूको प्रगतिको मूल्याङ्कन गर्दै विद्यमान कमीकमजोरीहरूको पहिचान गर्ने प्रयत्न गरेको छ । साथै चुनौतीहरूको सामना गर्नको लागि के गर्न सकिन्छ र बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूका सूचकले लिएका लक्ष्य प्राप्ति गर्नको लागि के-कस्ता कामहरू तथा प्रयत्नहरूलाई बढाउन सकिन्छ भन्ने सन्दर्भमा केहि सिफारिस समेत गरेको छ।

## अध्ययनको उद्देश्यः

यस अध्ययनको उद्देश्य बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने दिगो विकास लक्ष्यका प्रगति र चुनौतीको अध्ययन गर्ने र दिगो विकास लक्ष्यको प्राप्तिका लागि काम गरिरहेका सरकार तथा नागरिक समाज बीचमा अन्तरसंवाद गराउनका लागि आधारपत्र तयार गर्नु रहेको छ । जस्को कारणले भएका प्रगतिको दिगोपना तथा पूरा गर्न बाँकी वा पूरा हुने क्रममा रहेका सूचकहरूको प्राप्तिको लागि केहि हदसम्मको सहजीकरण गर्नु रहेको छ।

[1] https://muannepal.org.np/sdg-goals/

## अध्ययन विधि


यस अध्ययनले दिगो विकासका लक्ष्यहरूको सन् २०२२ सम्मको उपलब्धिका तथ्याङ्कहरूलाई समेट्ने प्रयत्न गरेको छ। जसमा राष्ट्रिय योजना आयोगले स्वीकार गरी प्रकाशित गरेको विभिन्न प्रतिवेदन, सर्वेक्षण र अन्तर्राष्ट्रिय संस्थामा संयुक्त राष्ट्रसंघ र यस अन्तर्गतका निकायहरूले प्रकाशित गरेको तथ्याङ्कलाई आधार मानिएको छ। यस क्रममा केहि सूचकहरूको सन् २०२२ सम्मको उपलब्धिहरूलाई समेटिएको छ भने कतिपय सूचकको उक्त समय अवधिसम्मको प्राप्ति तथा उपलब्धि प्राप्त नभएको कारण सन् २०१९ सम्मको उपलब्धिलाई मात्र समेटिएको छ।

## बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूको अवस्था


**लक्ष्य १:** दिगो विकासका लक्ष्यहरूको पहिलो बुँदामा गरिबीको अन्त्य सम्बन्धी लक्ष्य राखिएको छ। जसमा नेपालले सामाजिक सुरक्षा प्रणाली विस्तार गर्ने क्रममा भएको प्रगति ढिलो गतिमा अगाडि बढेको देखिन्छ। जसमा सन् २०१५ मा जम्मा ८.१ प्रतिशत जनसंख्या सामाजिक सुरक्षा प्रणाली भित्र समेटिएकोमा सन् २०१९ मा पुग्दा २७.३ प्रतिशतमा पुगेको छ। यसपछिको तथ्याङ्क उपलब्ध छैन। सन् २०३० सम्ममा ८० प्रतिशत जनसंख्यालाई सामाजिक सुरक्षा प्रणाली भित्र समाहित गर्ने लक्ष्य हासिल गर्न भने चुनौती रहेको देखिन्छ।

**लक्ष्य २:** दिगो विकासको दोस्रो लक्ष्यमा भोकमरीको अन्त्य राखिएको छ। जस अन्तर्गत राखिएका सूचकहरूमा कुपोषण, कमतौलका बालबालिका र ५ वर्ष मुनिका बालबालिकामा रक्तअल्पताको कमी लगायतका सवालमा उल्लेख्य मात्रामा प्रगति भएको देखिन्छ। यद्यपी यस लक्ष्य अन्तर्गत रहेका सूचकहरूलाई सन् २०३० सम्ममा प्राप्ति गर्नको लागि थप महत्वपूर्ण प्रयासहरू आवश्यक रहेको छ। यस सम्बन्धमा तथ्यगत अवस्थामा आएको प्रगतिको अवस्था निम्नानुसार रहेको छ।

बाल वृद्धि मापदण्ड अनुसार ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत



**लक्ष्य ३:** दिगो विकासका लक्ष्यहरूमा तेस्रो लक्ष्य स्वास्थ्य जीवनको सुनिश्चितता रहेको छ। नेपालले पाँच वर्षमुनिका नवजात शिशु मृत्युदर, नयाँ एचआईभी संक्रमण, बालबालिकामा हुने झाडापखाला र हानिकारक मदिराको प्रयोग घटाउने क्रममा उल्लेखनीय प्रगति गरेको देखिन्छ। पाँच वर्ष मुनिका बालबालिका मृत्यु दर प्रति १००० मा २०१६ मा ३९ भएकोमा हाल यो संख्या घटेर २०२२ मा आइपुग्दा ३३ जनामा पुगेको छ, शिशु मृत्यु दर प्रति हजार जन्ममा २०१६ मा ३२ भएकोमा २०२२ मा पुग्दा २८ मा झरेको छ भने नवजात शिशु मृत्यु दर प्रति १००० जन्ममा २०१६ मा २१ भएकोमा यसको संख्यामा २०२२ मा आईपुग्दा पनि २१ नै रहेको। यद्यपी सन् २०३० सम्मको लक्ष्यहरू हासिल गर्नको लागि विभिन्न चुनौतीहरू बाँकी रहेका छन्।




**लक्ष्य ४:** दिगो विकासको लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धी रहेको छ। यो लक्ष्य बालबालिकासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने लक्ष्य मध्येको एक रहेको छ। नेपालको पछिल्लो ७ वर्षको तथ्याङ्कलाई हेर्दा प्राथमिक शिक्षामा भर्ना दरमा उल्लेखनीय मात्रामा सुधार भएको छ। प्राथमिक शिक्षामा लैङ्गिक समानता भएको छ। तर गुणस्तरीय शिक्षा र पूर्व प्राथमिक शिक्षामा पहुँचका चुनौतीहरू यथावत् रहेको तथ्याङ्कले देखाउँदछन्।[2]

| | **शैक्षिक सूचक** | **2070** | **2071** | **2072** | **2073** | **2074** | **2075** | **2076** | **2077** | **2078** | **2079** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर | 76.7 | 77.7 | 81 | 82.9 | 84.1 | 84.7 | 86.2 | 87.6 | 89.6 | 94.9 |
| २ | पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | 56.9 | 59.6 | 62.4 | 64.7 | 66.3 | 66.9 | 68.6 | 70.2 | 74.9 | 76.7 |
| ३ | कक्षा १ मा कुल प्रवेशदर | 141.8 | 137 | 136.7 | 133.5 | 128.6 | 123.9 | 121.9 | 120.7 | 127 | 125.7 |

[2] https://moest.gov.np/upload_file/files/post/1688879366_1012390899_Education%20information%20book-2079-Asar%2024,2080.pdf

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कक्षा १ मा खुद प्रवेशदर | 91.6 | 93 | 93.9 | 95.2 | 95.9 | 96.3 | 96.9 | 97.3 | 96.3 | 95.9 |
| ५ | कुल भर्नादर कक्षा १-५ | | | 135.4 | 134 | 132.3 | 118.8 | 119.2 | 118.2 | 122 | 129.5 |
| ६ | खुद भर्नादर कक्षा १-५ | 95.6 | 96.2 | 96.6 | 96 | 97.2 | 96.5 | 97.1 | 97.4 | 96.9 | 97.1 |
| ७ | कुल भर्नादर कक्षा १-८ | 115.7 | 117.1 | 120.1 | 122 | 120.2 | 109.3 | 110.4 | 113.2 | 118 | 119.3 |
| ८ | खुद भर्नादर कक्षा १-८ | 86.3 | 87.6 | 89.4 | 91 | 92.3 | 92.7 | 93.4 | 94.7 | 95.1 | 96.1 |
| ९ | कक्षा १ - ८ को खुद भर्नादर | | | 1 | 1 | 1 | 0.98 | 0.98 | 0.99 | 0.99 | 0.99 |
| १० | कक्षा ८ मा | | | 76.6 | 75.9 | 77.4 | 77.9 | 79.3 | 82.02 | 85.1 | 85.7 |
| ११ | आधारभूत शिक्षाको तह पूरा गर्नेको दर | | | 69.6 | 68.4 | 70.7 | 71.3 | 72.7 | 75.3 | 76.2 | 77.1 |
| १२ | वर्ष ५ देखि बाह्र बर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | | | 10.6 | 9 | 8.7 | 7.3 | 6.7 | 5.4 | 4.9 | 3.9 |
| १३ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | | | 12.8 | | | | 14.6 | 14.6 | 43.71 | |
| १४ | कक्षा ९ -१० को खुद भर्नादर | 50.4 | 51.6 | 57.7 | 59.6 | 60.6 | 66.2 | 71.4 | 75.7 | 76.1 | 76.5 |
| १५ | कक्षा ९-१२ को खुद भर्नादर | 33.2 | 34.7 | 37.7 | 38.9 | 43.9 | 46.4 | 47.6 | 51.2 | 54.3 | 57.4 |
| १६ | कक्षा १० | | | 37.9 | 45.2 | 57.1 | 58.5 | 60.3 | 64.6 | 66.1 | 67.3 |
| १७ | कक्षा १२ | | | 11.5 | | 17.2 | 22.2 | 24 | 29.2 | 33.1 | 35.6 |
| १८ | कक्षा ९-१२ मा लैङ्गिक समता सूचकाङ्कका आधारमा खुद भर्नादर | | | 0.99 | 0.98 | 0.99 | 1.01 | 1.01 | 1.01 | 1.01 | 1 |

**लक्ष्य ५:** दिगो विकासको पाँचौं नम्बरको लक्ष्यमा लैङ्गिंक समानतालाई समेटिएको छ । यो बालबालिकासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने लक्ष्य हो । यस अन्तर्गत ५ वटा बालबालिकासँग प्रत्यक्ष रूपमा सरोकार राख्ने सूचकहरू रहेका छन् । यसमा मनोवैज्ञानिक त्रास, शारीरिक सजाय, महिला विरुद्धको शारीरिक तथा यौनजन्य हिंसा, बालिका बेचबिखन लगायतलाई कम गर्ने सूचकहरूमा उल्लेख्य मात्रामा प्रगति भएको देखिएको छ । जसले लैङ्गिक समानतामा प्रगति भएको देखाउँदछ । यसैगरी नेपालमा बालविवाहमा न्यूनीकरण गर्ने प्रयासले पनि सकारात्मक नतिजा ल्याएको देखाएको छ ।

**लक्ष्य ८: मर्यादित काम र आर्थिक बृद्धि:** दिगो विकासको आठौं नम्बरमा समावेशी, दिगो र फराकिलो आर्थिक वृद्धि सम्बन्धी लक्ष्यलाई समेटिएको छ । यस लक्ष्य अन्तर्गत खतरापूर्ण क्षेत्रमा काम गर्ने बालबालिकाको न्यूनीकरण गर्ने सम्बन्धी एउटा सूचक समावेश गरिएको छ । जोखिमपूर्ण अवस्थामा काम गर्ने बालबालिकाको बालश्रम घटाउने सम्बन्धमा उल्लेख्य मात्रामा प्रगति भएको देखिन्छ ।

**८.७.१ बाल श्रम र जोखिमपूर्ण अवस्थामा काम गर्ने बालबालिका** (%): नेपाल सरकारले श्रममा बालबालिकाको संलग्नता घटाउने लक्ष्य राखेको छ । कृषि क्षेत्रमा मात्र ८७ प्रतिशत बालश्रमको प्रयोग भएको छ भने अन्य प्रकारका बालश्रम अन्तर्गत १३ प्रतिशत रहेको छ ।

६२.३ प्रतिशत जोखिमपूर्ण काम कृषि, यातायात, घरेलु काम, इँटा भट्टा, गलैंचा कारखाना लगायतका क्षेत्रका आपूर्ति श्रृंखलामा रहेको देखिन्छ्। बालश्रमको अवस्थामा सन् २०१५ को ३० प्रतिशतबाट २०१९ मा २२ मा घटेर सुधार भएको देखिन्छ। सन् २०३० को लक्ष्य जोखिमपूर्ण अवस्थामा काम गर्ने बालबालिकालाई पूर्ण रूपमा (०%) हटाउने हो।

८.७.२ **जबरजस्ती श्रम**: श्रम शक्ति सर्वेक्षण २०१८ ले ३१,३३८ जना जबरजस्ती श्रममा रहेको देखाएको छ। समग्र तथ्यांकमध्ये १७ प्रतिशत बालबालिका रहेका छन्। मुख्यतया कृषि, वयस्क मनोरञ्जन क्षेत्र, घरेलु काम, वैदेशिक रोजगारी र निर्माण क्षेत्र लगायतका क्षेत्रमा जबरजस्ती श्रम रहेको पाइन्छ।

**लक्ष्य १०**: दिगो विकासको लक्ष्य नं. १० मा असमानताको अन्त्यलाई समेटिएको छ। यसमा सन् २०१५ मा १.६० रहेको बालबालिका बीचमा रहेको असमानता अनुपात सन् २०१९ मा १.४४ मा झरेको छ। सन् २०३० सम्ममा १ मा झार्ने लक्ष्य राखिएको छ। यो सूचकको प्रगति सकारात्मक दिशामा अगाडि बढेको देखिन्छ।

**लक्ष्य नं**. ११: दिगो विकासको यस लक्ष्यमा समावेशी, सुरक्षित र दिगो मानव वस्तीलाई समेटिएको छ। यस अन्तर्गत सफा सार्वजनिक यातायातको उपलब्धता सम्बन्धी लक्ष्य समेटिएको छ। सार्वजनिक यातायातको उपलब्धतामा उल्लेख्य मात्रामा सुधार भएको छ। सन् २०३० सम्ममा ५० प्रतिशतलाई यस्तो सेवा उपलब्ध गराउने लक्ष्य प्राप्ति गर्नको लागि थप वृद्धिको आवश्यकता रहेको छ।

**लक्ष्य नं**. १६: दिगो विकासको यस लक्ष्यमा शान्ति, न्याय र बलियो संस्थाहरूलाई समेटिएको छ। यस लक्ष्य अन्तर्गत बालबालिकासँग सम्बन्धित ३ वटा सूचक रहेका छन्। जसमा १ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले अनुभव गर्ने मनोवैज्ञानिक हिंसाका घटनामा कमी आएको छन्। सन् २०१५ मा रहेको ८१.७ प्रतिशतबाट २०१९ मा ६० प्रतिशतमा झरेको छ। यद्यपी सन् २०३० सम्ममा ० प्रतिशतमा झर्ने लक्ष्य प्राप्तिमा भने धेरै काम गर्नुपर्ने आवश्यकता छ। सीमापार बालबालिकाको बेचबिखनमा पनि केहि सुधार भएता पनि यसमा धेरै प्रयास गर्नुपर्ने देखिन्छ। साथै बालबालिकाको जन्म दर्तामा पनि उल्लेख्य मात्रामा सुधार भएको छ।

## नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ मा भएको बालबालिकाको अवस्था

सन् २०२२ को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले नेपालमा बालबालिकाको अवस्थाका सम्बन्धमा महत्वपूर्ण तथ्य तथ्याङ्क प्रदान गर्दछ। उक्त सर्वेक्षण अनुसार बालमृत्युदर उल्लेखानीय मात्रामा घटेको छ। सन् २०१६ मा प्रति १००० जीवित जन्ममा ३८ जना बालबालिकाको मृत्यु हुने गरेकोमा सन् २०२२ मा उक्त संख्या २९ मा झरेको छ। यसैगरी पाँच वर्षमुनिको मृत्युदर

सन् २०१६ मा ४६ रहेकोमा सन् २०२२ मा ३७ मा झरेको छ। नेपालका बालबालिकाको स्वास्थ्यमा भएका यी सुधारले स्वास्थ्य सेवा र खोप कार्यक्रमको सफलतालाई देखाउँदछ। यद्यपी अझैपनि चुनौतीहरू कायम नै छन्। जस्तै कि बाल कुपोषणको क्षेत्रमा अझै धेरै काम गर्नुपर्ने देखिन्छ। यसैगरी अहिलेपनि १७ प्रतिशत बालबालिका विद्यालय नजाने गरेको देखिन्छ। ग्रामीण र सीमान्तीकृत क्षेत्रहरूमा राम्रो पोषण र शिक्षामा पहुँच विस्तार तथा सुधारको आवश्यकता रहेको देखाउँदछ।

खोपको सन्दर्भमा दादुरा खोपको कभरेज ९१ प्रतिशत पुगेको छ। बालविवाह घटेको छ। बालश्रम घट्दै गएको छ र यो राष्ट्रिय बहसको विषय समेत बनेको छ। समग्रमा हेर्दा बालबालिकाको अवस्थामा सुधारोन्मुख भए तापनि अझै धेरै काम गर्नुपर्ने यस सर्वेक्षणले देखाएको छ।

## राष्ट्रिय जनगणना २०२१ मा बालबालिकाको अवस्था

राष्टिय जनगणना २०२१ अनुसार ३३.८४ प्रतिशत जनसंख्या १८ वर्ष मुनीका बालबालिकाको रहेको छ। सन् २०११ मा १४ वर्ष मुनिका बालबालिकाको संख्या ३४.९१ प्रतिशत रहेकोमा २०२१ मा २७.८३ प्रतिशत रहेको देखाएको छ। उक्त प्रतिवेदनले ३४.४ प्रतिशतले १८ देखि २० वर्षको उमेरमा, २२.३ प्रतिशतले १५ देखि १७ वर्षको उमेरमा, ०.३ प्रतिशतले १० वर्ष मुनि र ७ प्रतिशतले १० देखि १४ वर्षको उमेरमा पहिलो विवाह गरेको देखाएको छ। बाबु र आमा दुवैसँग बस्ने बालबालिकाको संख्या ७७.९ प्रतिशत, आमासँग मात्र बस्नेको संख्या १७.१ प्रतिशत, ३ प्रतिशत आफन्तसँग र बाँकी अन्यसँग बसिरहेको जनगणनाले देखाएको छ।

## प्रमुख उपलब्धिहरू

- पाँच वर्ष मुनिको बाल मृत्युदरमा उल्लेखनीय रूपमा कमी आएको छ। यसले सुधारिएको स्वास्थ्य सेवाको पहुँचलाई समेत प्रतिविम्बित गर्दछ।
- बालबालिकाको कुपोषण कम गर्न, शारीरिक तथा मानसिक विकास सुनिश्चित गर्ने सन्दर्भमा पनि महत्वपूर्ण उपलब्धि हासिल भएको छ।
- बालबालिकाको जन्मदर्ताको अवस्थामा निकै सुधार भएको छ। यसले बालबालिकाको कानूनी पहिचान प्रदान गर्ने र आवश्यक सेवाहरूमा पहुँच स्थापना गर्ने सन्दर्भमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।
- समतामूलक, गुणस्तरीय शिक्षा, संज्ञानात्मक विकास र भविष्यका अवसरहरू प्रदान गर्ने सन्दर्भमा उल्लेख्य मात्रामा प्रगति भएको छ।

- बालबालिकाको विषय बहुक्षेत्रीय र बहुआयामिक भएको कुरालाई आत्मसात गर्दै बहुक्षेत्रीय कार्यक्रम जस्तैः बहुक्षेत्रीय पोषण कार्यक्रम, बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, बालविवाह मुक्त स्थानीय तह, बालश्रम मुक्त स्थानीय तह घोषणा जस्ता पहलकदमीहरूले तीव्रता लिने क्रम बढ्दो रहेको छ । स्थानीय तहमा बाल संरक्षण प्रणालीको सुदृढीकरण भएको छ।
- बाल श्रम प्रतिवेदन २०२१ ले श्रम क्षेत्रमा संलग्न बालबालिकाको संख्या १६ लाख (सन् २००८) बाट ११ लाखमा घटेको देखाएको छ । जोखिमपूर्ण काममा रहेका बालबालिकाको संख्या ६ लाखबाट २ लाखमा झरेको छ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा जबरजस्ती श्रम विरुद्ध एकीकृत ऐनको मस्यौदा तयार गरिएको छ। बालश्रममुक्त नगरपालिकाको कार्यविधि र बालश्रम अन्त्य गर्ने राष्ट्रिय गुरुयोजना कार्यान्वयन गर्दै आएको छ।

## प्रमुख चुनौतीहरू

- दुर्गम क्षेत्रहरूमा बालबालिकाका प्रमुख सवालहरू जस्तैः स्वास्थ्य, शिक्षा तथा बाल संरक्षणका सेवाहरू पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन।
- स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन, २०७५ को प्रावधान अनुसारका बाल संरक्षण प्रणाली बलियो बन्न सकेको छैन।
- बालबालिकाप्रतिको दृष्टिकोणमा अझै जनप्रतिनिधि र कर्मचारीको सोच र क्षमता अभिवृद्धि हनु सकेको छैन।
- आर्थिक असमानताको कारण बालबालिकाको समग्र विकासको लागि असमान अवसरहरू निर्माण गरिरहेको छ।
- दिगो विकासका सन् २०३० सम्म प्राप्त गर्ने लक्ष्यहरू पूरा गर्न भएका पहलहरू दिगो र मापन गर्न पर्याप्त स्रोत उपलब्धता र परिचालनमा चुनौती देखा परेको छ।
- विशेष गरी दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सेवा, शिक्षा तथा सामाजिक सुरक्षाको पहुँचमा निरन्तर रूपमा असमानता रहेका छन् । यसले बालबालिकाको समग्र विकास तथा संरक्षणमा समेत चुनौती सिर्जना गरेको छ।
- बालबालिकाको कुपोषण सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्न दुर्गम क्षेत्रहरूमा राम्रोसँग कार्य गर्ने स्वास्थ्य सेवा पूर्वाधार र पोषण कार्यक्रमहरूको आवश्यकता रहेको छ।
- गुणस्तरीय शिक्षाको सुनिश्चितता, विद्यार्थीलाई कायम राख्ने, लैङ्गिक असमानता, बाल श्रम र महिला तथा बालबालिका विरुद्ध हुने हरेक किसिमका हिंसालाई नियन्त्रण गर्ने कुरा चुनौतीपूर्ण बनेको छ।

- दिगो विकासका लक्ष्यहरूको प्रगतिसँग सम्बन्धित तथ्य तथ्याङ्क संकलन गर्ने प्रणाली तथा संयन्त्रलाई बलियो बनाउनुपर्ने आवश्यक छ।
- बालबालिकाको पढाई र गणित विषयमा दक्षता सहित तथा शिक्षाको समग्र गुणस्तरमा सुधार गर्ने सवाल चुनौतीपूर्ण बनेको छ।
- बाल श्रम ऐन २०५६ नेपाल सरकारको संघीय संरचना अनुसार परिमार्जन भएको छैन।
- बालश्रममुक्त नगरपालिका ७५३ मध्ये १०४ नगरपालिकामा मात्र पुगेको छ।
- जबरजस्ती श्रमलाई सम्बोधन गर्न एकीकृत कानूनको अभाव छ।
- कमजोर पूर्वाधार, ओभरलोड सवारी साधन, खराब सडक, सडक दुर्घटनापछि कमजोर आपतकालीन उद्दार, सवारी सुरक्षा मापदण्ड नहुनु, लापरवाही ड्राइभिङ, उच्च गति आदिका कारण बालबालिकाहरु दुर्घटनामा पर्ने गरेका छन्।

**प्रमुख सुझावहरू**

- दुर्गम क्षेत्रहरूमा ध्यान केन्द्रित गरी शिक्षाको गुणस्तर, पोषण कार्यक्रमहरू र स्वास्थ्य सेवा पूर्वाधारमा लगानी तथा विकास गर्नु आवश्यक छ।
- स्थानीय तहमा बालबालिका सम्बन्धी ऐनको प्रावधान अनुसारका बाल संरक्षण तथा संवर्धन कार्यविधि, बालसंरक्षण मापदण्ड, बाल कोष, बाल कल्याण अधिकारीको नियुक्ति, बाल अधिकार समिति गठन, समाजसेवी र बाल मनोविज्ञको सूचीकरण तथा परिचालन, वैकल्पिक हेरचाह प्रदायकको सूचीकरण, बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको प्रयोग लगायतका कार्यहरु गर्नु अत्यन्त जरुरी रहेको छ। हालसम्मको तथ्याङ्कलाई हेर्दा बाल संरक्षण तथा संवर्धन कार्यविधि निर्माण भएको ३२६ स्थानीय तह, बालकोष २१९, बाल अधिकार समिति गठन २४२, बाल कल्याण अधिकारी नियुक्ति ६ र तोकिएको २९० स्थानीय तह रहेको छ। यस विषयमा सबै स्थानीय तहले तुरुन्त बाल संरक्षण प्रणाली व्यवस्था गर्नु अति जरुरी रहन्छ। स्थानीय सरकारमा रहेको बाल संरक्षण प्रणालीले सक्रिय रूपमा काम गर्न सकेको खण्डमा बाल संरक्षणका सूचकहरू पूरा गर्न सहज हुनेछ।
- विश्वव्यापी सार्वभौमिक शिक्षाको प्रवर्द्धन गर्दै लैङ्गिक असमानताहरूलाई सम्बोधन गर्ने गरी नीति नियम तथा योजना तर्जुमा गर्नुपर्दछ। यसैगरी बालश्रमलाई पूर्ण रूपमा निषेध गर्ने गरी कानूनी सवालहरूमा सुधार गरी प्रभावकारी ढंगले लागू गर्नुपर्दछ।
- बालबालिकाको समग्र विकास तथा संरक्षणको लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क संकलन तथा बालबालिकालाई प्रभाव पार्ने शासन प्रणालीलाई बालमैत्री बनाउँदै सुधार गर्नु आवश्यक छ।

- बालबालिकाको क्षेत्रमा कार्य गर्ने सरोकारवाला निकायहरू बीचको सहकार्यलाई बढावा दिनुपर्दछ। साथै स्थानीय समुदायहरूलाई समावेश गरी नीति नियम बनाउने तथा कार्यान्वयन गर्ने गर्दा त्यो प्रभावकारी हुन्छ। यसैगरी प्रारम्भिक बाल शिक्षामा थप लगानी आवश्यक छ।
- बाल संरक्षण, कानूनी ढाँचा, क्षमता निर्माण र बालबालिकासँग सम्बन्धित अन्य सवालहरूमा लगानी गर्नको लागि स्रोतलाई बलियो बनाउनु पर्दछ। साथै बाल बजेट कोडको व्यवस्था गर्नु अति जरुरी रहेको छ।
- बालबालिकाको खण्डीकृत तथ्याङ्कको अभाका कारण दिगो विकास लक्ष्य प्राप्तिमा भएका उपलब्धिहरूको समीक्षा गर्न कठिन भएकोले हालसम्म उपलब्ध तथ्याङ्क (जनसांख्यिक सर्वेक्षण २०७८ सहित)लाई खण्डीकृत तथ्याङ्क तयार गर्दै प्रगति समीक्षा गरिनुपर्ने देखिन्छ।
- नेपाल सरकारको संघीय संरचना अनुसार बाल श्रम ऐन २०५६ को संशोधन गर्न आवश्यक छ।
- परिभाषा र उमेरको हिसाबले बालबालिकासँग सम्बन्धित नीतिहरूमा सामञ्जस्यता ल्याउनु पर्दछ।
- सरकार, नागरिक समाज र संघसंस्थाहरूले बालश्रम र जबरजस्ती श्रमलाई सम्बोधन गर्न क्षेत्रगत अवधारणा अपनाउनुपर्छ।
- बालश्रममुक्त व्यवसाय बनाउन निजी र व्यावसायिक क्षेत्रको जिम्मेवारी बढाउनु पर्छ।
- सडक पूर्वाधार, ट्राफिक कानूनहरूको प्रभावकारी कार्यान्वयन, विद्यालय र अस्पताल क्षेत्रमा गति सिमितता आदि मार्फत बालबालिकालाई सडक दुर्घटनामा पर्नबाट जो गाउनु पर्छ।

## निष्कर्ष

नेपालले बालबालिका सम्बन्धी दिगो विकासका लक्ष्यहरू हासिल गर्नमा उल्लेखनीय प्रगति गरेको छ। यद्यपी यसको थप उपलब्धिको यात्रामा चुनौतीहरू पनि उत्तिकै रहेका छन्। बालबालिकाका निम्ति छुट्याइने बजेट कोडको व्यवस्था, बाल संरक्षण प्रणालीको सुदृढीकरण, बालबालिकाका विषयमा सम-बुझाई कायम गर्न र कानूनहरूको कार्यान्वयन गर्न तथा सबै बालबालिकाको हक, हित र अधिकारको संरक्षणलाई सुनिश्चित गर्न, एक समग्र र सहयोगी दृष्टिकोणका साथै समबुझाइको आवश्यकता रहेको छ। माथि उल्लेख गरिएका सिफारिसको कार्यान्वयन गरेर यी र यस्ता चुनौतीहरूलाई सम्बोधन गरेर नेपालले आफ्ना बालबालिकाको उज्ज्वल भविष्यतर्फ उल्लेखनीय प्रगति गर्न र विश्वव्यापी दिगो विकासका लक्ष्यहरूमा योगदान पुऱ्याउन सक्छ।


#ACT4SDGs
दिगो विकास लक्ष्य र बालबालिका विषयमा परामर्श तथा समीक्षा कार्यक्रम
Review and Consultation Meeting on the SDGs and Children
8 September 2023
Kathmandu
Organizer
In collaboration with



